
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



जंगली च्याउहरु विषालु पनि हुनसक्छन,

त्यसैले राम्ररी पहिचान गरेरमात्र खाऔं ।
खेती गरेर उमारेका च्याउमात्र खाने गरौं ।
अमुल्य जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २३ ❑ अङ्क १३१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ १३ गते शुक्रबार ❑ 27 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरा महानगरका प्रमुख, उपप्रमुखसहितका जनप्रतिनिधिबाट शपथ

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

स्थानीय तह सदस्य निर्वाचन-२०७९ अन्तर्गत पोखरा महानगरपालिकामा निर्वाचित हुनुभएका महानगर प्रमुख, उपप्रमुख तथा वडाध्यक्षलगायत जनप्रतिनिधिले बिहीबार पद तथा गोपनियताको शपथ लिनुभएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयद्वारा पोखरा सभागृहमा आयोजित कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलेको उपस्थितिमा मुख्य निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले महानगर प्रमुख धनराज आचार्यलाई पद तथा गोपनियताको शपथ गराउनुभयो । यसैगरी महानगर प्रमुख आचार्यले मुख्य निर्वाचन अधिृकत समक्ष शपथ लिएपछि उपप्रमुख मञ्जुदेवी गुरुङ, वडाध्यक्ष र वडा सदस्यहरूलाई शपथ गराउनुभयो।

कार्यक्रममा महानगर प्रमुख आचार्यले सुन्दर पोखरालाई सबैले हेर्न चाहेको बनाउनका लागि आफूहरू प्रतिबद्ध रहेकाले यसमा सबैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, 'हामीले गर्ने सकारात्मक काममा मिडियाको साथ र सहयोग रहनेछ ।' शपथ पश्चात उपप्रमुख मञ्जुदेवी गुरुङले सबैको साथ र सहयोगमा पोखरालाई समृद्ध बनाउनेतर्फ लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री पोखरेलले समुन्नत पोखरा निर्माणमा नवनिर्वाचित जनप्रतिनिधि सफल बन्ने विश्वास व्यक्त गर्नुभयो।



पोखराको समृद्धि र विकास गण्डकी प्रदेशको समृद्धि र विकाससँग प्रत्यक्ष जोडिने बताउँदै उहाँले यहाँको विकासका लागि सहकार्यका साथ अघि बढ्ने बताउनुभयो। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले जनताको शासक नभइ सेवक हुँ भन्ने भावनाका साथ काम गर्न आग्रह गर्नुभयो । पोखरालाई पर्यटकीय राजधानी बनाउने विश्वास व्यक्त गर्दै उहाँले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँग जोडिएका रिट्ठेपानीको डाँडा कटान, ल्याण्डफिड साइटको व्यवस्था लगायतमा देखिएका समस्या चाँडै नै समाधान गरिने बताउनुभयो । मुख्य निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले निर्वाचनलाई स्वच्छ, निष्पक्ष एवं भयरहित बनाउनका लागि साथ र सहयोग गर्ने सबै राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मीलाई धन्यवाद व्यक्त गर्नुभयो।

नेपाली कांग्रेसका गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले प्रजातन्त्रमा जनतासँग अपार क्षमता रहने बताउँदै उनीहरूलाई विकासमा सहभागी बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । नवनिर्वाचित जनप्रतिनिधिले जनताको भावना अनुसार काम गर्ने उहाँले बताउनुभयो । व्यक्ति व्यक्तिका क्षमता उपयोग गर्दै पोखराको समृद्धि र विकासमा नवनिर्वाचित जनप्रतिनिधि लाग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

नेकपा एमाले गण्डकी प्रदेश कमिटी अध्यक्ष नवराज शर्माले जनताप्रतिको दायित्व बोध गर्दै जनप्रतिनिधि काममा जुट्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारी, राष्ट्रिय प्रजातन्त्र पार्टीका गण्डकी प्रदेश सभापति पञ्चराम गुरुङ, नेकपा माओवादी केन्द्र गण्डकीका अध्यक्ष गायत्री गुरुङ, नेकपा एकीकृत समाजवादीका नेता केशवलाल श्रेष्ठ, कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी, पोखरा महानगरपालिकाका प्रशासकीय अधिकृत बलराम रिजाल लगायतले नवनिर्वाचित जनप्रतिनिधिलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो।

कार्यक्रममा पोखरा महानगरपालिकामा निर्वाचित प्रमुख, उपप्रमुख, वडाध्यक्ष र सदस्यहरूलाई प्रमाणपत्र वितरण गर्नुका साथै निर्वाचनमा खटिने सुरक्षा निकाय, कर्मचारी लगायतलाई प्रशंसापत्र प्रदान गरिएको थियो। बुधबार घोषणा गरिएको अन्तिम मतपरिणाम अनुसार पोखरा महानगरको प्रमुखमा सत्ता गठबन्धनबाट नेकपा( एकीकृत समाजवादी) आचार्य ५८ हजार ८९३ मत प्राप्त गरी विजयी हुनुभएको थियो। यसैगरी उपप्रमुखमा नेकपा(एमाले) का मञ्जुदेवी गुरुङ ६० हजार ५४६ मत ल्याएर विजयी हुनुभयो। पोखरा महानगरका ३३ वडामध्येमा नेपाली कांग्रेसले २३, नेकपा एमालेले नौ र स्वतन्त्र एक उम्मेदवार विजयी हुनुभएको थियो।

## जनताको सेवामा किरण वडा १३ मा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

उत्तर देखि दक्षिण लामबद्ध। चन्द्रमा जस्तै हँसीला अनुहार। कसैका हातमा मखमली फूल। कसैको हातमा फूलका गुच्छ। केही तिहारे मालामा उभिएका छन् । अझ विशेष गरी कुनैले थालीमा गणेश दुवोको मालमा सितारा सजिएको । दोहोरो लाइनमा खुशीले ढपक्कै ढाकेको अनुहार । यसो हेर्दा कुनै भिआइपीको स्वागत होको कि जस्तो। त्यहाँ न कुनै भिआइपीलाई स्वागत नै थियो। विहीवार पाँच बजेर २० मिनेट जाँदा। हिमाल सरी ढाकाटोपी लगाएका। गमिलो रंगको कोटमा हँसीलो अनुहार ३७ वर्षिय ठिटोको आगमन। सोही ठिटो सवैको नमस्कार ग्रहण गर्दै उत्तरी प्रवेशद्धारवाट दक्षिण तिर आइरहेका थिए किरण वराल।



भर्खरै सम्पन्न २०७९ को स्थानीय तहको निर्वाचनवाट निर्वाचित वडा नं १३ का अध्यक्ष किरण वराल कार्यकोठामा प्रवेश गर्न आएको दृश्य हो । हाम्रो समाजमा धेरैका मुखारमा झुण्डीएको हुन्छ मेहनतको फल कहिल्यै खेर जाँदैन। जीवनमा कहिलै घमण्ड गर्नु हुँदैन । सकारात्मक रुपमा सहयोगी भावना राख्नुपर्छ। यस्ता विचार र भावनाले ओतप्रोत युवा नेता वडा नं १३ को वडाध्यक्षमा पुगे वराल। अव समाज र राष्ट्र बनाउने युवा मात्र एक विकल्प रहेको महशुष हुन थालेपछि लामो समय अष्ट्रेलिय वसाइपछि देश वनाउने सोचमा नेपाल आएका हुन वराल । त्यसैले राजनीति, सामाजिक क्षेत्रमा काम गर्ने निकाय, हरेक क्षेत्रका कर्मचारी लगायत सबैले आफ्नो काम, कर्तव्य जिम्मेवारीलाई इमानदारका साथ कार्यसम्पादन गर्ने हो भने वडा नं १३ मात्र होइन पोखरा महानगरपालिकालाई विश्वको नमुना शहरको रुपमा विकास गर्न सकिने वरालको दावी छ।

अझ सवै भन्दा पहिला चुनावमा वडावासी समक्ष प्रतवद्धता गरेको विषयलाई वस्तारै विस्तारै पुरा गर्दै जाने वरालले भने। नयाँ सोच, जाँगर, संस्कार, चेतना र संस्कृतिको उत्तम प्रयोजनवाट मात्र समाज परिवर्तनको ढोका खुल्न सक्छ । देश विकासका हरेक आधारस्तम्भ युवा हुन र ऊर्जाका स्रोत, परिवर्तनका बाहक शक्ति पनि युवा हुन, राजनीतिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रणी भूमिकामा पनि युवा शक्ति नै देखिन्छ।

त्यही युवाको नेतृत्वमा निर्वाचित महिला सदस्यमा सुचित तमाङ्ग, दलित सदस्य रजनी परियार, खुला सदस्य द्धय सरीफ अलिमियाँ, र बल वहादुर बराल वडा सेवामा आएका छन् । पदभार गरेपछि वडाध्यक्ष बरालले पहिलो निर्णय सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षालाई बढि जोड दिएर अगाडि बढ्ने भने । सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई प्रविधी मैत्री शिक्षा सँगै प्रयोगात्मकमा बढि जोड दिने वताए । हरेक घरपरिवारलाई कृषिमा आत्मनिर्भर हुनको लागि एक घर, एक कागतीको बिरुवा वितरण गर्ने कार्यक्रम तुरुन्त सञ्चालन गर्ने निर्णय भएको वडा अध्यक्ष बरालले भने।

वडावासीलाई कागतीको बिरुवा वडाले नै उपलब्ध गराउने अध्यक्ष वरालले जानकारी गराए। नेपली काँग्रेस वडा नं १३ इकाइका अध्यक्ष माधव सिग्देलले चुनावको मिति घोषणा सँगै रातदिन न भोक न तिर्खा भनी लागि परेर आज अध्यक्ष कुर्चिमा पदभार गर्दाको दृश्यले आत्मै खुशीले गदगद भएको पोखरापत्रलाई भने।

अव समाजमा पक्ष र प्रतिपक्ष नभनिकन सवै एक जुट भइ मखमली माला सरी अगाडि बढ्नु पर्नेमा इकाइ अध्यक्ष सिग्देलले जोड दिए । नेपाली काँग्रेस वडा नं १३ इकाइका सचिव सुदिप गुरुङले युवा परिवर्तनका सम्भाक भएको संकेत गर्दै सामाजिक कार्यमा युवा सदैव अग्रसरता भएको देखिने पोखरापत्रलाई भने।

## दीगो एवं उत्थानशील अर्थतन्त्र गण्डकी प्रदेशको प्राथमिकतामा

पोखरापत्र संवाददाता
पोखरा, १२ जेठ

गण्डकी प्रदेश सरकारले दीगो एवं उत्थानशील अर्थतन्त्र निर्माणलाई आफ्नो प्राथमिकतामा राखेको छ।

गण्डकी प्रदेशसभाको बिहीबारको बैठकमा प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल(जीवन)ले विनियोजन विधेयक २०७९ का सिद्धान्त तथा प्राथमिकता प्रस्तुत गर्दै सहकारी र निजी क्षेत्रबाट उपलब्ध स्रोत र साधनको उत्पादनशील क्षेत्रमा परिचालन गरी दिगो एवं उत्थानशील अर्थतन्त्रको निर्माण गरिने बताउनुभयो ।

प्रदेशमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्न गैरआवासीय नेपाली नागरिकको लगानी प्रवर्द्धन गर्ने वातावरण विकास गरिने उहाँले बताउनुभयो। विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकता तय गर्दा नेपालको संविधानमा समाविष्ट मौलिक हक, १५औँ पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका लक्ष्य तथा उद्देश्य, दिगो विकासका



लक्ष्य, राजनीतिक दलका चुनावी घोषणापत्रलगायतका माध्यमबाट जनतासमक्ष गरेका प्रतिबद्धतालाई प्रमुख मार्गदर्शनका रूपमा लिएको उहाँले जानकारी गराउनुभयो । सबै तहका सरकारसँगको अन्तरसम्बन्ध र समन्वय प्रभावकारी बनाउँदै क्षेत्रगत सुधारका कार्यक्रममार्फत प्रदेशभित्र उत्पादकत्व अभिवृद्धि र रोजगारीको प्रवर्द्धनप्रति सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । विनयोजन विधेयकका सिद्धान्त प्रस्तुत गर्दै मन्त्री बरालले 'प्रभावकारी अन्तर सरकारी समन्वय र पारस्परिक सहयोगमार्फत प्रदेश सरकारको भूमिकालाई थप क्रियाशील बनाई नागरिकको सुशासन, शान्ति र समृद्धिको चाहना पूरा गर्ने गरी सङ्घीयताको कार्यान्वयन र सुदृढीकरण गर्दै लगिनेछ', भन्नुभयो । नेपालको संविधान, राज्यका निर्देशक सिद्धान्त र नीति, दिगो विकासका लक्ष्य, १५औँ पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको प्रथम पञ्च वर्षीय योजनाले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्दै समावेशी, समानुपातिक र सन्तुलित विकासको अवधारणामार्फत प्रदेशको दिगो विकासको आधार तयार पारिने उहाँले बताउनुभयो । प्रदेशको समृद्धि र विकासका लागि थप अवसर र तुलनात्मक लाभका क्षेत्रको पहिचान र विकास गरिने उहाँले बताउनुभयो । प्रदेश सरकारको लगानीलाई उच्च प्रतिफल हासिल हुने क्षेत्रमा आबद्ध गरी आर्थिक क्रियाकलापको परिचालनमार्फत अर्थतन्त्रलाई गतिशील बनाइने उल्लेख गर्दै उहाँले उत्पादकत्व वृद्धि, उद्यमशीलता प्रवर्द्धन, रोजगारी सिर्जना हुने गरी विकास आयोजनामा स्रोत परिचालन गरिने बताउनुभयो । उपयुक्त लगानीको वातावरण बनाई बाह्य लगानीसमेत परिचालन गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीमा प्रदेशको दिगो तथा फराकिलो आर्थिक वृद्धि हासिल गर्दै समृद्ध प्रदेशको परिकल्पना साकार तुल्याइने उहाँले बताउनुभयो । सीप विकास र आधुनिक प्रविधिको प्रयोग र उत्पादनको बजारीकरणको सुनिश्चिततामार्फत व्यावसायिक कृषि उत्पादनमा जोड दिइने उल्लेख गर्दै अर्थमन्त्री बरालले व्यावसायिक सीप विकास र सहकारी क्षेत्रलाई परिचालन गरी उद्यमशीलताको प्रवर्द्धन गर्दै उत्पादनमा आत्मनिर्भरता र रोजगारी अभिवृद्धि गरिने बताउनुभयो। विश्वविद्यालय एवं प्रशिक्षण संस्थाको सुदृढीकरणमार्फत सीप र प्रविधिको प्रयोग गर्नसक्ने सक्षमतासहितको सीपयुक्त जनशक्ति प्रदेशभित्र नै


बाँकी तेस्रो पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बानियाँको निर्णय : सार्वजनिक जग्गाको संरक्षण, आधारभूत विद्यालयको विकास

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**

पोखरा महानगरपालिका वडा नं -१५ का नव निर्वाचित अध्यक्ष तथा सदस्यहरुको पदस्थापना कार्यक्रम बिहीबार सम्पन्न भएको छ।

गत बैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा वडा नं - १५ बाट निर्वाचित नेकपा एमालेको तर्फबाट अध्यक्ष तोरण बहादुर बानियाँ, खुल्ला सदस्यहरु आशिष भण्डारी, वलराम पौडेल, महिला सदस्य सेतिमाया गुरुङ र दलित महिला सदस्य मन्दिरा परियारको पदस्थापना गरिएको हो । पदस्थापना कार्यक्रम पश्चात आयोजित निवर्तमान जनप्रतिनिधिहरुको विदाई तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै



नवनिर्वाचित वडा अध्यक्ष तोरण बहादुर बानियाँले मतदान गरेर आफूहरुलाई निर्वाचित गराउने सम्पूर्ण वडावासीलाई धन्यबाद दिए । उनले पदस्थापनाको पहिलो दिन दुई वटा निर्णय गरिएको बताउँदै पहिलो वडामा रहेका सार्वजनिक जग्गाहरुको वास्तविक लगत निकाली अधिकरण भएका जग्गालाई संरक्षण गर्ने र दोस्रो वडामा रहेका विभिन्न शिशु स्याहार केन्द्रलाई आवश्यकता हेरेर आधारभूत विद्यालयको रुपमा विकास गर्ने बताए। बानियाँले वडा नं. १५ लाई हाम्रो वडा, राम्रो वडा र सु-व्यवस्थित नागरिक बसेको वडा बनाउन मन, वचन र कर्मले लाग्ने बताए । यसका लागि वडावासीको साथ र सहयोगको खाँचो रहने उल्लेख गरे। उनले जनतासँग घरदैलोमा गरिएका प्रतिवद्धतालाई आवश्यकता र औचित्यका आधारमा एकपछि अर्को गर्दै पूरा गर्ने बताए।

निर्वाचित भएपछि आफू शासक नभएर जनताको सेवक भएको बताउँदै वडाको विकासका लागि यहाँका सम्पूर्ण राजनीतिक दलहरु, वुद्धिजिबी र समाजसेवीसँग राय सुझाव लिँदै अगाडि बढ्ने प्रतिक्रिया दिए। उनले राजनीतिक पूर्वाग्रह नराखी खबरदारी गर्न पनि आग्रह गरे । कार्यक्रममा वडा नं. १५ का टोल विकास संस्था, आमा समुह, समाजसेवी तथा राजनीतिक दलका नेताहरुको सहभागिता रहेको थियो।

# सेभेन ए साईड फुटबल, एम १२ को फराकिलो जित

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**

जनएकता युवा क्लब पोखरा-१४ को आयोजनामा सञ्चालित प्रथम सेभेन ए साईड फुटबल प्रतियोगिता अन्तर्गत बिहीबार मसिना एफसी एसले एलजी एकतालाई ३-० ले पराजित गर्दै क्वाटर फाईनल प्रवेश गरेको छ। मसिनाका लागि विजय श्रेष्ठले दुई तथा सुनिल श्रेष्ठले एक गोल गरे। विजय खेलमा म्यान अफ दि म्याच घोषित भए।

रामेश्वरी माविको खेल मैदानमा सञ्चालित प्रतियोगिताको दोस्रो खेलमा एम १२ ले मसिना एफसीको बी टोलीलाई फराकिलो जित दर्ता गर्ने क्रममा ६-२ गोल अन्तरको नजिता निकाल्यो। एम १२ का लागि सरोज तितुङले ह्याट्रिक गर्दा ,अभिनास तामाङ, मनोज गुरुङ र मीन गुरुङले समान एक एक गोल हिर्काए। मसिनाका लागि अशोक गुरुङ र सिद्धान्त गुरुङले गोल फर्काए। सरोज खेलको म्यान अफ दि म्याच घोषित भएका छन्। अर्को खेलमा भण्डारढीकको आदर्श क्लबले आरजी(रफ गाईज)लाई ३-० ले पराजित गर्दै अन्तिम आठ प्रवेश गर्‍यो । आर्दशका लागि



विमल राना, विशन गुरुङ र अमृत कुँवरको एक एक गोलको योगदान दिए। विमल राना म्यान अफ दि म्याचको हकदार बने। भीमकाली एफसीले जनएकता युवा क्लब हरियोलाई पेनाल्टी सुटआउटमा २-१ गोलले पराजित गर्दै अन्तिम आठमा प्रवेश गर्‍यो । जनएकता हरियोको तर्फबाट आशिष कार्कीले गोल गरे। भीमकालीका लागि अन्जन देवकोटा र अश्विन गुरुङले गोल गर्दै जित सुनिश्चित बनाए । जनएकताका सज्जन बराईली खेलमा म्यान अफ दि म्याच घोषित भए।

रत्नचोक युवा क्लब रत्नचोकले जनएकता क्लब सेतोलाई २-० गोलले पन्छाउँदै क्वाटरफाईनल ढुक्क बनायो । रत्नचोकका लागि सकुल गुरुङले दुवै गोल गरेका थिए । उनी खेलको म्यान अफ दि म्याचको हकदार भए।

बिहीबारको अन्तिम खेलमा विजयपुर एफसीले मन्त्र एफसीलाई पेनाल्टी सुटआउटमा ३-२ गोलले पराजित गर्‍यो। निर्धारित समयमा दुवै तर्फबाट १-१ गोल भएपछि निर्णय पेनाल्टी सुटआउटमा गरिएको थियो । निर्धारित समयमा विजयपुरका लागि जय गुरुङ र मन्त्र चर्च ब्वाईजको तर्फबाट साईमन तामाङले गोल गगरेका थिए । खेलमा विजयपुरका आकाश रानाभाट म्यान अफ दि म्याच घोषित भए।

शुक्रबार प्रतियोगिताको क्वाटरफाईनल र सेमिफाईनलका खेलहरु सञ्चालन हुने आयोजक जनएकता क्लबका सचिव घनश्याम अधिकारी( श्याम)ले जानकारी दिए।


## हार्दिक बधाई एवं शुभकामना





**श्री तोरण बहादुर बानियाँ**

यस सहकारी संस्थाका सचिव **श्री तोरण बहादुर बानियाँ** ज्यू हालै सम्पन्न स्थानीय तहको निर्वाचन-२०७९ अन्तर्गत पोखरा महानगरपालिका वडा नं. १५ को गरिमामय वडा अध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा उहाँ लगायत उहाँको टिमलाई **हार्दिक बधाई** ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको **शुभकामना** व्यक्त गर्दछौं।

**संगिता गौतम तिमिल्सिना**
**अध्यक्ष**

**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**Karmashil Saving and Credit Co-operative Society Ltd.**
Pokhara-8, Sabhagriha Chowk, Kaski, Tel. : 061-580796, 544795


# पोखरा-२८ को सेवा केन्द्र माझठानामा बिस्तार गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**

पोखरा महानगरपालिका वडा नम्बर २८ को पहिलो बैठकले माझठानामा सेवा केन्द्र बिस्तार गर्ने निर्णय गरेको छ।

नव निर्वाचित वडा अध्यक्ष श्रीकृष्ण लामिछाने सहित सदस्यले पदभार ग्रहण गर्दै एकिकृत सम्पती कर संकलनको लागी माझठानामा सेवा केन्द्र बिस्तार गर्ने निर्णय गरेको हो । पदभार कार्यक्रममा बोल्दै नव निर्वाचित वडा अध्यक्ष लामिछानेले भौगोलिक हिसाबले पोखरा २८ ठुलो र यातायतको समेत उपलब्ध हुन गारो रहेको हुनाले कम्तिमा पनि हप्ताको दूई दिन सम्पती कर संकलनको लागी माझठानामा सेवा केन्द्र बिस्तार गर्ने निर्णय गरिएको बताउदै सामाजिक सुरक्षा भत्ता वडा कार्यालयवाटै वितरण गर्ने र वडा भित्रका अत्ति अशक्त आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गाएिको बताए कार्यक्रममा वडा अध्यक्ष लामिछानेले पोखरा २८ का जनतालाई प्रत्यक्ष अनुभुति



हुने खालका कामहरु गर्नको लागी आफु तयार रहेको बताउदै यसमा सवैको साथ र सयोगको अपेक्षा राखेको बताए।

पदभार कार्यक्रममा नेपाली कांग्रेस कास्कीका निर्वतमान सभापति कृष्ण केसी निर्वतमान वडा अध्यक्ष निर्मल दियाली नेकपा एमाले पोखरा २८ का अध्यक्ष रामकृष्ण तिवारी नेपाली काग्रेसका युवा नेता राजेश अधिकारी नेकपा एस पोखरा २८ का अध्यक्ष केशवदास त्रिपाठी लगाएतले सफल कार्यकालको कामना गर्दे विभिन्न सुझाव दिएका थिए भने निर्वतमान वडा अध्यक्ष निर्मल दियालीले आफ्नो कार्यकाल सफल बनाउन महत्पुर्ण भुमिका खेल्ने पोखरा २८ बासी लगाएत कर्मचारीलाई धन्यवाद दिदै नव निर्वाचित वडा अध्यक्ष लगाएत सदस्यहरुको सफल कार्यकालको कमना गरेका थिए।

पदभार कार्याक्रममा महिला वडा सदस्य डाल्डादेवि भुजेल दलित महिला सदस्य ईन्द्रकला विक, वडा सदस्यहरु कमल थापा, बिरेन्द्र भण्डारी र वडा सचिव अर्जुन प्रसाद सुवेदीको उपस्थिति रहेको थियो । वडा सचिव अर्जुन प्रसाद सुवेदीका अध्यक्षतामा भएको कार्याक्रममा स्वागत मन्तब्य ईन्जिनियर विमल आचार्यले गरेका थिए भने कार्यक्रम सन्चालन सहायक कर्मचारी माधव प्रसाद ढकालले गरेका थिए।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# नागरिक सहायता कक्षले सेवाग्राहीलाई सहज

पोखरापत्र संवाददाता
बागलुङ, १२ जेठ

चालु आर्थिक वर्षमा जैमिनी नगरपालिका-८ ढुसमा सडक बनाउन विनियोजन भएको बजेट कार्यान्वयनका लागि सम्झौता गर्न उपभोक्ता समितिका अध्यक्षलाई तीन दिन समय लाग्यो ।

कच्ची सडकमा हरेक दिन आउँदा-जाँदा झण्डै रु एक हजार खर्चेर उपभोक्ता समितिका अध्यक्ष पूर्णबहादुर शेरभुजाले तीन दिनसम्म पालिका मुकाम कुश्मीशेरा धाउनुभयो ।

सम्झौताका लागि आवश्यक प्रक्रिया र कागजातको विषयमा जानकारी नहुँदा शेरभुजाले व्यक्तिगत खर्चमा लामो समय लगाएर सडक निर्माणको योजनाको सम्झौता गर्नुपऱ्यो । पटक-पटक पालिका पुग्नुभएका उहाँले कहिले के कागज नपुगेको भनेर फर्किनुपऱ्यो त कहिले प्रक्रियाका विषयमा प्रश्नहरू आए । यसअघि उहाँलाई कसैले पनि योजना सम्झौता गर्दा आवश्यक प्रक्रिया र कागजातको विषयमा जानकारी गराएका थिएनन् । उहाँले झण्डै चार दिन खर्चेर योजना सम्झौता र पहिलो किस्ताको रकम बुझेको दुई महिनामात्रै भएको छ ।

जैमिनी नगरले विनियोजन गरेका योजनामा झन्झट व्यहोर्ने पुरण एक्ला व्यक्ति हुनुहुन्न । योजना सम्झौता र फरफारकका विषयमा आधार भूत ज्ञानसमेत नभएका यहाँका उपभोक्ताले कयौँपटक समस्या भोग्दै आएका छन् । हरेक वर्ष सञ्चालन हुने योजनामा प्रायः पुरानै उपभोक्ता समितिका पदाधिकारी दोहोरिने भएकाले समस्या नभए पनि नयाँ उपभोक्ता समितिले यस्तो समस्या भोग्दै आएका थिए । शेरभुजाजस्तै उपभोक्ता समितिका सदस्य तथा पदाधिकारीको समस्या अब जैमिनीमा दोहोरिने छैन । यस्तै गुनासाको चाङ लागेपछि जैमिनीले सहायताकक्ष स्थापना गरेको छ । नवनिर्वाचित नगरप्रमुखले पदभार ग्रहण गर्दाका दिन पहिलो निर्णय गरेको नागरिक सहायताकक्ष स्थापना कार्यान्वयनमा आइसकेको छ । यो सहायता केन्द्रले अब आम उपभोक्तालाई सहयोग गर्ने छ ।

पालिकामा आउने सेवाग्राहीलाई सहज बनाउनका लागि नागरिक सहायताकक्ष स्थापना गरिएको जैमिनीका नगरप्रमुख नरबहादुर पुनले जानकारी दिनुभयो । कुनै पनि सरकारी कार्यालयमा छिटोछरितो रूपमा सेवा पाउने नागरिकको अधिकारलाई सुनिश्चित गर्न सहायताकक्षको स्थापना गरिएको उहाँको भनाइ छ । उहाँले नागरिकको गुनासो सुनेकै आधारमा पहिलो प्राथमिकतामा नागरिक सहायताकक्ष परेको बताउनुभयो । नागरिक सहायताकक्षबाट सेवाग्राहीले निवेदनका ढाँचा, आवश्यक कागजातलगायत विषयमा जानकारी लिन सक्नेछन् भने आवश्यक सहयोग पाउनेछन् । नगरपालिकाको कुनै पनि काम गर्न आउने सेवाग्राही त्यसै फर्किन नपरोस् भन्ने तरिकाबाट नागरिक सहायताकक्षलाई व्यवस्थित गर्दै लैजाने जैमिनीका नगर उपप्रमुख हरिहर शर्माले बताउनुभयो । सेवा लिन आउँदा सेवाग्राहीले सहायताकक्षमा पुगेर आवश्यक सहयोग लिन र कागजातको नमूना प्राप्त गर्न सक्ने उहाँको भनाइ छ ।

# मध्यपहाडी लोकमार्गको गलकोट खण्ड क्षतविक्षत

पोखरापत्र संवाददाता
गलकोट, १२ जेठ

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको मध्यपहाडी लोकमार्गको घोडाबाँधे-गलकोट खण्ड अहिले क्षतविक्षत अवस्थामा रहेको छ । यस राजमार्गको सुरुमा उक्त खण्ड कालोपत्रे गरिएको थियो ।

राजमार्गअन्तर्गत बागलुङको घोडाबाँधेदेखि गलकोटको हटिया सडक कालोपत्रे भएको सात वर्ष बित्यो । अहिले उक्त खण्ड निकै जीर्ण बनेको हो । कमसल सामग्री प्रयोगका कारण अहिले सडकखण्डको विभिन्न स्थानमा कालोपत्रे उप्किएर यात्रा गर्न निकै समस्या भएको हो । वर्षामा आएको बाढी र पहिरोका कारण क्षतविक्षत भएको उक्त जीर्ण सडकखण्डमा अहिले यात्रुले सास्ती खेप्दै आएको गलकोट नगरपालिका-२ का वडाध्यक्ष हेमन्त भण्डारीले जानकारी दिनुभयो । "यात्रुले यो सडकखण्डमा निकै कष्टपूर्ण यात्रा गर्न बाध्य छन्, सरोकारवालाले अहिले चासो देखाएको बुझिएको छ", उहाँले भन्नुभयो । घोडाबाँधे-गलकोट खण्डको २० किलोमिटर सडकको अधिकांश स्थानमा खाल्टाखुल्टी, बर्षायाममा सडकमाथिदेखि झरेको भलसहितको लेदो र पहिरोका कारण कालोपत्रे सडक जीर्ण बनेको छ । केही स्थानमा कालोपत्रे उप्किएर खाल्टा पर्दा पानी जमेको छ ।

कालोपत्रे सडक जीर्ण बनेपछि मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयले मर्मतसम्भारका लागि चासो देखाएको छ । कालोपत्रे गरेको सडक सात बर्षपछि जीर्ण बनेर दुर्घटनाको जोखिम बोढेपछि सडक मर्मतका लागि आयोजना कार्यालयले मर्मतसम्भारको प्रक्रिया अघि बढाएको हो ।

घोडाबाँधेदेखि गलकोट हटियासम्मको २० किलोमिटर सडक मर्मतका लागि प्रक्रिया अगाडि बढेको मध्यपहाडी लोकमार्ग कार्यालय पर्वतका कार्यालय प्रमुख नारायणदत्त भण्डारीले जानकारी दिनुभयो । उहाँले सडक मर्मतका लागि बोलपत्र आह्वान गरिसकेको बताउँदै ठेक्का प्रक्रियामा गएपछि मर्मत कार्य सुरु हुने बताउनुभयो । उहाँले २० किलोमिटर सडक मर्मतका लागि झण्डै रु २० करोड खर्च लाग्ने बताउनुभयो ।

"सडक मर्मतका लागि बोलपत्र आह्वान भएको छ, ठेक्का सम्झौतालगत्तै सडक मर्मतकार्य सुरु हुनेछ", उहाँले भन्नुभयो । उहाँका अनुसार ठेक्का सम्झौता भएको दुई वर्षमा सडक मर्मत सक्ने समयसीमा हो । उक्त खण्डमा पहिरोका कारण कालोपत्रे मात्रै नभएर पूर्वाधारमा समेत क्षति भएको भण्डारीले बताउनुभयो । उहाँका अनुसार कल्भर्ट, पर्खाललगायतका पूर्वाधारमा ठूलो क्षति भएपछि अहिले उक्त सडक मर्मत गर्न थालिएको हो ।

उक्त सडक आर्थिक वर्ष २०७१/७२ मा कालोपत्रे भएको थियो । कालोपत्रे सडक बिग्रँदा सवारीसाधनसमेत मर्का परेको र धेरै सावरीसाधन बिग्रदै गएको सवारीचालक लोकबहादुर विकले गुनासो गर्नुभयो । उहाँले सडक कालोपत्रे बिग्रिएपछि कच्ची सडकझैं यात्रामा असहज भएको बताउनुभयो ।

अहिले मध्यपहाडी लोकमार्गको करिब २० किलोमिटरबाहेक अन्य सबै सडक कालोपत्रे भइसकेको छ । मध्यपहाडी लोकमार्गको बागलुङ खण्ड १४२ किलोमिटर दूरीको रहेको छ । अहिले जिल्ला सदरमुकाममा कालोपत्रेको काम भइरहेको छ । आगामी केही महिनामा लोकमार्गको सबै सडक कालोपत्र भइसक्ने र बिगर्दै गएको अन्य खण्डसमेत क्रमशः मर्मत गर्दै जाने मध्यपहाडी लोकमार्ग आयोजना कार्यालयले जनायो ।

# दुई पालिका र १४ वडामा जनप्रतिनिधि दोहोरिए

पोखरापत्र संवाददाता
म्याग्दी, १२ जेठ

म्याग्दीको दुई पालिका प्रमुख दोहोरिएका छन् ।

रघुगङ्गा गाउँपालिकामा निवर्तमान गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारी र मङ्गला गाउँपालिकामा निवर्तमान गाउँपालिका अध्यक्ष सतप्रसाद रोका पुनः गाउँपालिका अध्यक्षमा निर्वाचित हुनुभएको हो ।

वडामा १४ वडाध्यक्ष दोहोरिएर निर्वाचित हुनुभएको छ । अन्नपूर्णमा वडा नं १ मा दिलीपकुमार गर्वुजा, २ मा ओम फगामी, ८ मा खमबहादुर गर्वुजा पुनः दोहोरिएर वडाध्यक्षमा निर्वाचित हुँदा वडा नं ५ मा लामो समय कार्यवाहक वडाध्यक्ष रहनुभएका राजेश तिलिजा वडाध्यक्ष चुनिनु भएको छ ।

रघुगङ्गामा वडा नं १ बेगमा बिलप्रसाद फगामी, ५ मा मनबहादुर शेरमञ्जा, ६ मा मनकुमार शेरपुञ्जा र ८ मा गमान छन्त्याल वडाध्यक्षमा दोहोरिनुभएको छ । बेनी नगरपालिका-३ मा पदम पुन र ६ मा कृष्णसिंह बानियाँ वडाध्यक्षमा दोहोरिनुभएको छ ।

मङ्गला गाउँपालिका-२ मा धनबहादुर खाती र ५ मा भूपेन्द्र खत्री वडाध्यक्षमा दोहोरिनुभएको छ । मालिका गाउँपालिका-१ मा टङ्कप्रसाद पुन, धवलागिरि गाउँपालिका-१ मा झक छन्त्याल र ७ मा राजाराम उपाध्याय पनि दोस्रो कार्यकालका लागि वडाध्यक्षमा निर्वाचित हुनुभएको छ ।

# दीगो ...

उत्पादन, विकास र परिचालन/उपयोग गर्ने गरी मानव संशाधनको विकास गरिने, आर्जित सीप र क्षमताको प्रयोग हुने वातावरण विकास गरी क्षमतावान् जनशक्ति प्रदेशमा नै खपत हुने अवसरको विकास गरिने सिद्धान्तमा उल्लेख छ । उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी सार्वजनिक सेवा प्रवाहलाई विश्वसनीय, गुणस्तरीय र भरपर्दो बनाइने, आर्थिक मितव्ययिता, पारदर्शिता तथा वित्तीय उत्तरदायित्व कायम गरी प्रदेश सरकारका क्रियाकलापलाई सार्वजनिक सेवाप्रतिसेवाप्रति जवाफदेही बनाई सुशासनको प्रवर्द्धन गरिने मन्त्री बरालले बताउनुभयो ।

कोरोना महामारी, बाढी, पहिरोलगायतका विपद्का कारण क्षतिग्रस्त क्षेत्रको पुनरूत्थान र पुनःनिर्माण गर्दै सम्भावित महामारी र विपद्जन्य घटनाको न्यूनीकरण गर्न विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गरिने सिद्धान्त तथा प्राथमिकतामा भनिएको छ । सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास र विद्युतीय प्रणालीमा आधारित सेवामार्फत प्रदेश सरकारबाट प्रवाह गरिने सेवालाई सहज र सरल बनाउने तरिका लागू गरिने उहाँले बताउनुभयो । समावेशिता र सामाजिक न्याय कायम हुने गरी सहिद, बेपत्ता परिवार एवं घाइते योद्धा, आर्थिकरूपले विपन्न, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदाय, लोपोन्मुख वर्गलगायतका सबै वर्ग, क्षेत्रले समतापूर्ण रूपबाट उपभोग गर्नसक्ने अवस्थासहितको सेवा प्रवाहमा पहुँच सुनिश्चित गरिने जनाइएको छ ।

प्रदेशको विकासका लागि निजी क्षेत्र, सहकारी क्षेत्रसँगको साझेदारीलाई सहज बनाउन नीतिगत सुधार गरिने, प्रदेशको आय र जीवनस्तरमा सुधार ल्याउन, प्रदेशभित्र औद्योगिक लगानीको प्रवर्द्धन गर्न, प्रदेश गौरवका आयोजना तथा रणनीतिक महत्वका आयोजनामा वैदेशिक लगानी परिचालन गर्न आवश्यक कानूनी व्यवस्थासहित लगानीको वातावरण विकास गरिने विनियोजन विधेयकको प्राथमिकतामा उल्लेख छ । प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि मूल्याङ्कन गरी तोकिएका लक्ष्य समयमा नै हासिल गर्न तथा पञ्चवर्षीय योजनाका लक्ष्यलाई दिगो विकासका लक्ष्यसँग आबद्ध गर्नेगरी आयोजना बैंकलाई आधार मानी प्रदेश सरकारको लगानी परिचालन हुने मन्त्री बरालले बताउनुभयो । सार्वजनिक, सहकारी र निजी क्षेत्रबाट उपलब्ध स्रोत र साधनको उत्पादनशील क्षेत्रमा परिचालन गरी दिगो एवं उत्थानशील अर्थतन्त्रको निर्माण गरिने, प्रदेशमा निजी तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्न गैरआवासीय नेपाली नागरिकको लगानी प्रवर्द्धन गर्ने वातावरण विकास गरिने उल्लेख गरिएको छ ।

प्रदेश गौरवका आयोजना तथा प्रदेशका रणनीतिक महत्वका आयोजनालाई समयमा नै सम्पन्न गर्न स्रोतको व्यवस्थापन गरिने, वित्तीय हस्तान्तरण भएर स्थानीय तहमा विनियोजन भएको बजेटको कार्यान्वयन अवस्थाको र प्रगतिको विवरण तत्काल प्राप्त गर्नसक्ने प्रणालीको विकास गरिने मन्त्री बरालले बताउनुभयो । बजेटको अख्तियारी, खर्च निकासा, बेरुजु व्यवस्थापन र न्यूनीकरण तथा सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापनका लागि पूर्णरूपमा डिजिटल प्रणाली अवलम्बन गरी वित्तीय सुशासन र पारदर्शिता कायम गरिने उल्लेख छ । बैंक तथा वित्तीय संस्थाबाट हुने लगानीको सुरक्षण नीति अवलम्बन गरिने, समग्र वित्तीय कारोबारमा क्यासलेस बैंकिङलाई प्रवर्द्धन गरिने, बैंक तथा वित्तीय संस्थाको पहुँच नपुगेका नागरिकलाई सहकारी एवं लघुवित्त संस्थाको विकास र विस्तार गरी वित्तीय समावेशीता सुनिश्चित गरिने जनाइएको छ । हाल जग्गाको न्यूनतम मूल्यमा भइरहेको कारोबारलाई यथार्थ मूल्यमा कारोबार हुने गरी वैज्ञानिक करको दायरा निर्धारण गरिने बताउँदै अर्थमन्त्री बरालले घर जग्गा कारोबार अधिक हुने क्षेत्रमा स्थानीय तहसँगको साझेदारी एवं सहलगानीमा कच्ची सडकलाई कालोपत्र गरिने र यसका माध्यमबाट प्रदेशको आन्तरिक आयवृद्धि गरिने बताउनुभयो ।

स्थानीयस्तरमा सहकारी संस्थालाई समेत परिचालन गरी समुदायमा आधारित बीउ उत्पादनका लागि सिडबैंक स्थापना कार्य अगाडि बढाइने चर्चा गर्दै अर्थमन्त्री बरालले कृषिजन्य उत्पादनका लागि आवश्यक बीउ बिक्रीका आधारमा उत्पादकले रोयल्टी पाउने व्यवस्था लागू गरिने बताउनुभयो । विभिन्न बाली उत्पादनको सम्भावनाका आधारमा पकेट एरिया निर्धारण गरिने उल्लेख गर्दै उहाँले स्थानीय तहसँगको साझेदारीमा कृषि प्राविधिकको परिचालन गरिने, मुख्य बालीको उत्पादन बढाउन उत्पादनका आधारमा सहुलियत ऋण दिने प्रणाली लागू गरिने, असिनाबाट हुने क्षति, बाँदरबाट हुने क्षति न्यूनीकरणका उपायसहित विकल्पका रूपमा सिमल तरूललगायतका खेती प्रणाली विकासका लागि सम्भाव्यता अध्ययन गरिने बताउनुभयो ।

मुख्यमुख्य फलफूल बालीको बेर्ना उत्पादन, मुख्य तरकारी र खाद्यान्न बालीको स्रोत बीउ उत्पादन तथा मौरी, च्याउ र रेशम किराको बीउ उत्पादन कार्यलाई प्रभावकारी बनाउन स्थापित स्रोत केन्द्रको सुदृढीकरण गरिने उल्लेख गर्दै उहाँले भन्नुभयो, 'कृषि तथा पशुपक्षी उपजको व्यावसायिक उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न साना व्यावसायिक फार्म स्थापना तथा विस्तार कार्यलाई निरन्तरता दिइनेछ ।'

घरपालुवा चौपायामा लाग्ने महामारीजन्य रोगविरूद्ध खोप लगाउने कार्यलाई निरन्तरता दिँदै सबै स्थानीय तहमा अभियानका रूपमा पशुपूर्ण खोप कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

जलवायुजन्य जोखिम र सङ्कटासन्नताको विश्लेषणका आधारमा मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रमलाई पुनरावलोकन गरी थप प्रभावकारी बनाइने सिद्धान्त तथा प्राथमिकतामा उल्लेख छ । चक्लाबन्दी गर्न मिल्ने बाँझो जमिनलाई कृषि उत्पादनमा मात्र प्रयोग हुने गरी आवधिक भाडामा प्रयोग गर्न सकिने नीति ल्याइनेलगायतका विषयलाई सिद्धान्त तथा प्राथमिकतामा समेटिएको छ । पर्यटन क्षेत्रमा कार्यरत कोरोना महामारीका कारण विस्थापित हुने अवस्थामा पुगेका व्यवसायीलाई सहुलियत हुनेगरी लगानीको संरक्षण गर्ने नीतिगत व्यवस्था गरिने, पर्यटन मजदुरलाई पेशामा टिकाइराख्न र प्रवाहित सेवालाई भरपर्दो र गुणस्तरीय बनाउन विशेष सहुलियत तथा सुविधाका कार्यक्रम सञ्चालन गरिने अर्थमन्त्री बरालले बताउनुभयो । राष्ट्रिय तथा अन्तर राष्ट्रिय श्रम बजारको अध्ययन, विश्लेषण गरी बजारको मागका आधारमा प्राविधिक, सीपमूलक तथा व्यावसायिक तालिमका कार्यक्रम सञ्चालन गरिने बताउँदै उहाँले परम्परागत सीप, कला र उद्यमको प्रवर्द्धन तथा संरक्षणका लागि सहुलियतपूर्ण वित्तीय तथा प्रविधि सहयोग उपलब्ध गराइने बताउनुभयो । प्रदेशभित्र उत्पादन भएका तथा बाहिरबाट आयात गरिने उपभोग्य वस्तुको गुणस्तर सुनिश्चित गर्न प्रदेश मापदण्ड विकास गरी कार्यान्वयन संरचना निर्माण गरिने बताउँदै अर्थमन्त्री बरालले उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्थाका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरिने बताउनुभयो । कोरोना महामारीलगायतका विपद्का पूर्वतयारी र व्यवस्थापनलाई प्राथमिकता दिँदै कोरोना जस्तै सम्भावित महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्य प्रणालीलाई सबल र सुदृढ गरिने मन्त्री बरालले बताउनुभयो ।

जलवायु परिवर्तनले ल्याएका प्राकृतिक जोखिमको अवस्था अध्ययन विश्लेषण गरी जोखिम न्यूनीकरण गर्दै स्थानीयवासीको उत्थानशीलता कायम गरिने, कार्बन उत्सर्जन कार्यलाई न्यूनीकरण गरिने उहाँले बताउनुभयो । प्रदेश सरकारबाट निर्माण भइरहेका प्रदेश गौरवका आयोजना, रणनीतिक महत्वका आयोजना, बहुवर्षीय आयोजना समयमा नै सम्पन्न गर्ने गरी कार्यान्वयन गरिने मन्त्री बरालले बताउनुभयो । प्रदेश राजधानी पोखरामा राष्ट्रिय तथा प्रादेशिक खेलकुद प्रतियोगिता सञ्चालन गर्नसक्ने गरी नेपाल सरकारसँगको साझेदारीमा पोखरा रङ्गशालाको स्तरोन्नति गरिने उल्लेख गर्दै मन्त्री बरालले एक स्थानीय तह एक खेल मैदानलाई निरन्तरता दिइने बताउनुभयो ।

# सर्वोच्चको फैसला : श्रीमतीको हत्या गर्ने कोइरालालाई जन्मकैद

रासस
काठमाडौं, १२ जेठ

सर्वोच्च अदालतले श्रीमतीको हत्या गेरेर जेल परेका सशस्त्र प्रहरीका तत्कालीन नायब महानिरीक्षक (डिआइजी) रञ्जन कोइरालालाई जन्मकैद (२० वर्ष) जेल सजाय हुने फैसला सुनाएको छ ।

कामु प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरु टङ्कबहादुर मोक्तान र डा कुमार चुडालको पूर्ण इजलासले बिहीबार कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जिल्ला अदालत काठमाडौं र उच्च अदालत पाटनको फैसलालाई सदर गर्दै उक्त फैसला सुनाएको हो । यसअघि निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा र न्यायाधीश तेजबहादुर केसीको संयुक्त इजलासले गरेको फैसलालाई उल्टयाउँदै जन्मकैदको जेल सजाय हुने फैसला गरेको हो । राणा र केसी इजलासले श्रीमती हत्या अभियोगमा सजाय काट्दै आएका कोइरालालाई कैद छुट दिँदै २० वर्षको जन्मकैदलाई साढे आठ वर्षमा झार्ने फैसला गरेको थियो । अदाललते उक्त फैसलालाई उल्टयाउँदै कोइरालालाई जन्मकैद हुने फैसला गरेको हो । यसअघिको अदालतलको आदेशसँगै कोइराला साढे आठ वर्ष कैद भुक्तान सकेर घर फर्किएका थिए ।

बिहीबारको अदालतको फैसलापछि अब कोइरालालो साढे ११ वर्ष कैद भुक्तान गर्नुपर्ने छ । निलम्बित प्रधानन्यायाधीश राणा र तेजबहादुर केसीको इजलासले २०७७ असार १५ गते कोइरालालाई ११ वर्ष छ महिना छुट दिने फैसला सुनाएको थियो । कोइरालाले श्रीमती गीता ढकाललाई जलाएको स्वीकार गरे पनि सजायमा कानूनसम्मत नगरी छुट दिएको विषयमा सर्वत्र विरोध भएको थियो । उक्त फैसला विवादमा परेपछि सरकारले विसं २०७७ साउन ११ गते पुनरावेदन दर्ता गरेको थियो ।

सोही साउन १२ गते नै सर्वोच्च अदालतले सो निवेदनमा सुनुवाइका लागि निस्सा प्रदान गरेको थियो । यसअघिको फैसलामा कोइरालाको श्रीमती गीताको मृत्युपछि दुई नाबालक छोराको हेरचाह, संरक्षण एवं शिक्षादीक्षा लगायतका कार्य अभिभावक विहीनताको कारणले अनिश्चय र अन्योल हुन गई उनीहरुको हितमा दूरगामी प्रभाव पर्न जाने कारणले जन्मकैदको सजाय गर्दा चर्को पर्न जानेजस्तो चित्तमा लागेको हुँदा फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐनको दफा १७ (क) बमोजिम कैद गर्दा कोइरालालाई आठ वर्ष छ महिना कैद हुने ठहर गरिएको थियो ।

"मकवानपुरको मेत्राङमा पाइएको अस्थिपञ्जर गीता ढकालकै रहेछ र निजलाई मृत्युपश्चात् जलाइएको रहेछ भन्ने कुरा प्रमाणित हुन आई मिसिलमा जेजस्ता दशी प्रमाणहरू मौजुद छन्", फैसलामा भनिएको थियो, "तिनको समग्रमा अध्ययन र विश्लेषण गरी हेर्दा रञ्जनप्रसाद कोइराला निर्दोष भन्न सकिने अवस्था देखिएन ।" फैसलामा प्रमाणहरुको मूल्याङ्कन गर्दा मृतक गीता ढकालको मृत्यु कोइरालाबाटै भएको र दोषी ठहर भए पनि सर्वश्वसहित जन्मकैदलाई छुट दिएर साढे आठ वर्ष मात्र सजाय हुने पूर्णपाठमा थियो ।

घटना हुनुको मुख्य कारण : तत्कालीन प्रहरी नायब महानिरीक्षक (डीआइजी) कोइराला र श्रीमती गीता ढकाल सम्बन्ध राम्रो नभएपछि छुट्टाछुट्टै बस्दै आएका थिए । दुई छोराहरु एक बाबुसँग र एक आमासँग बस्दै आएका थिए । छोरी (गीता) बेपत्ता भएपछि माइती पक्षले खोजी गर्दै हनुमान ढोकामा उजुरी दर्ता गराएका थिए । विसं २०६८ पुस २८ गते बिहान मकवानपुरको पालुङमा एउटा शव ७० प्रतिशत जलेको अवस्थामा स्थानीयवासीले देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

उक्त घटनामा कोइरालाको संलग्न भएको आशङ्कामा प्रहरीले कोइरालालाई प्रक्राउ गर्यो । प्रहरीको अनुसन्धानमा रञ्जनले घरमै गीताको हत्या कपडाले घाँटी थिचेर गरेको पत्ता लगेको थियो । कोइरालाले हत्यापछि प्रमाण नष्ट गर्न शवलाई गाडीमा हालेर पालुङ लगेको र जलाउनका लागि पेट्रोल पनि घरबाटै लिएर गएको, राति जङ्गल छेउमा गाडी रोकेर लास जलाएको र पूर्णरुपमा जलिनसक्दै फर्किएको पत्ता लागेको थियो । सर्वोच्च अदाललते उक्त घटनामा यसअघि कैद सजाय छुट हुने फैसलालाई उल्टाउँदै जन्मकैद सजाय हुने फैसला गरेको हो ।